अजिरकोट गाउँपालिका

**Ajirkot Rural Municipality**

गाउँकार्यपालिकाको कार्यालय

**Office of Rural Municipal Executive**

भच्चेक, गोरखा

**Bhachchek, Gorkha**

गण्डकी प्रदेश, नेपाल

**(Gandaki Province, Nepal)**

प.सं.(Reference No.) : २०७९/०८०

च.न.

मिति :- २०८०/०२/०१

*दोस्रो पटक सूचना प्रकाशन मिति :२०८०।०२।०१*

## फर्क युवा अभियान अर्न्तगतको स्वरोजगार अनुदानका लागि निवेदन पेश गर्न म्याद थप सम्बन्धी सूचना

प्रस्तुत विषयमा अजिरकोट गाउँपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अर्न्तगत फर्क युवा अभियान स्वरोजगार अनुदान प्रदान गर्ने सम्बन्धी मिति २०७९।०१।११ गते प्रथम पटक प्रकाशित सूचना बमोजिम प्राप्त निवेदनसंगै बैदेशिक रोजगारी बाट फर्कि आफ्नै नाममा व्यवसाय/उद्योग स्थापना तथा संचालन गर्दै आएका तर निवेदन पेश गर्न छुट भएका थप युवा युवतीहरुलाई समेत अनुदान कार्यक्रममा सहभागि हुने अवसर प्रदान गर्न **अजिरकोट गाउँपालिकाको वैदेशिक रोजगारीबाट फर्केका युवाको लागि स्वरोजगार कार्यक्रम (फर्क युवा अभियान ) सञ्चालन कार्यविधि २०७८** बमोजिम इच्छुक युवायुवतीहरुले दोस्रो पटक प्रकाशित यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस गाउँपालिकाको प्रशासन शाखामा अनुसुची २ बमोजिमको शर्तको अधिनमा रहि अनुसुची ३ बमोजिमको कागजात पेश गरी अनुसुची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नहुन अनुरोध छ ।

२०८०/०२/०१

(नवराज अवस्थी)

प्रमुख प्रशासकीय अधिकृत

Email: info@ajirkotmun.gov.np | Website: www.ajirkotmun.gov.np | Contact: +977 64691170

## अनुसूचि १ : अनुदानको लागि निवेदनको ढाँचा
**(परिच्छेद ५ दफा ७ (ख) बमोजिम)**

हालसालै खिचेको पासपोर्ट साईजको फौटो

श्री प्रमुख प्रशासकीय अधिकृत,
अजिरकोट गाउँपालिका गोरखा ।

विषय - अनुदान रकम उपलब्ध गराउने बारे ।

उपरोक्त सम्बन्धमा स्थाई ठेगाना जिल्ला गोरखा अजिरकोट गाउँपालका वडा नं ......, ....................टोल निवासी ..........................................को नाति/नातिनी.....................................को छोरा/छोरी वर्ष ........को म.........................................( विवाहित महिलाको हकमा .............................को बुहारी.....................................को श्रीमती वर्ष ........को म...................................) तपसिल विवरण अनुसार बैदेशिक रोजगारीमा रहेको र हाल नेपाल फर्की अजिरकोट गाउँपालिका वडा नं......., ....................टोलमा......................................................................नामको.......................... .....सम्बन्धी व्यवसाय/उद्योग संचालन गर्दै अएकाले फर्क युवा अभियान अन्तर्गतको स्वरोजगार अनुदान प्रदान गरिदिनहुन बिनम्र अनुरोध छ ।

**तपसिल**

| त्र.स. | बैदेशिक रोजगारीको लागि गएको मुलुक | शहर | रोजगारीको क्षेत्र वा विषय | गएको मिति | फर्केको मिति | जम्मा अवधि (वर्ष, महिना र दिन लेख्ने) | कफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आज्ञले

दस्तखत ....................................

नाम-

ठेगाना-

फोन नं.-

छाप -

## अनुसूचि २ : अनुदान प्राप्त गर्न पूरा गर्नुपर्ने अवस्था वा शर्तहरु
## (परिच्छेद ५ दफा ७ (ज) बमोजिम)

१) स्थायी ठेगाना अजिरकोट गाउँपालिकाभित्रको हुनुपर्नेछ । व्यवसाय वा उद्योग अजिरकोट गाउँपालिकाभित्र हुनुपर्नेछ ।

२) बैदेशिक रोजगारीमा सम्बन्धीत युवा अनिवार्य गएको र आएको प्रमाण ( पासपोर्टको छायाप्रति) हुनुपर्दछ ।

३) भ्रमण, कार्यशाला, गोष्ठी वा तालिममा विदेश यात्रा गरेकालाई बैदेशिक रोजगारी ठहरिने छैन ।

४) आफुनै नाममा व्यवसाय हुनु अनिवार्य छ । साझेदारीमा रहेका व्यवसाय वा उद्योगलाई पनि आफुनै नाममा व्यवसाय भएको सरह मानिनेछ ।

७) व्यवसाय वा उद्योग अजिरकोट गाउँपालिका वा मान्यता प्राप्त निकाय/कार्यालयमा अनिवार्य दर्ता र निवेदन पेश गर्दाको मितिसम्म नविकरण भएको हुनुपर्नेछ ।

८) निवेदकको उमेर १८ वर्ष पूरा भई ६० वर्ष नलागेको हुनुपर्नेछ ।

९) निवेदन पेश गर्ने आ.व.मा अजिरकोट गाउँपालकाबाट व्यवसाय वा उद्योग लक्षित कुनै अनुदान प्राप्त गरेको भए अनुदान प्रकृयामा समावेश गरिने छैन ।

अनुसूचि ३ : निवेदनसँग पेश गर्नुपर्ने कागजातहरु
(परिच्छेद ५ दफा ७ (ख) बमोजिम)

१. नागरिकताको प्रमाणपत्रको छायाप्रति

२. सम्बन्धीत वडा कार्यालयको सिफारिस

३. व्यवसाय वा उद्योग दर्ताको प्रमाणपत्रको छायाप्रति

४. बैदाशिक रोजगारीमा आएको र गएको प्रस्ट हुने गरि पासपोर्टको छायाप्रति

५. उपलब्ध भएसम्म बैदेशिक रोजगारीमा काम गर्दाको सम्बन्धित प्रमाण पत्र वा कुनै कागजात हुनुपर्नेछ ।

६. व्यवसाय वा उद्योग देखिने कम्तीमा २ वटा प्रकाशित रङ्गीन फोटो

७. निवेदन पेश गर्ने आ.व.मा अजिरकोट गाउँपालिकाबाट व्यवसाय वा उद्योग लक्षित कुनै अनुदान प्राप्त गरेको भए सो को प्रमाण खुल्ने कागजात